नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-६४८ दायर मितिः-२०८१/०३/३०**

**फैसला मितिः-२०८१/०४/१७**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **बर्षा श्रीवास्तव समेतको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा बिरगंजपर्सा बिरगंज महानगरपालिका वडा नं. १० बस्ने सुरेन्द्र प्रसाद चौधरीको छोरा बर्ष ३८ को कुनाल कुमार जयसवाल.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालीसमेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवाली समेतलाई गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राम लखन दास समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालयको अभियोग पत्र ।

६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।०३।२५ गते जिल्ला पर्सा वीरगंज महानगरपालिका न.पा.वडा नं.१० स्थितमा म जाहेरवालाको श्रीमान नाता पर्ने बिपक्षी कुनाल कुमार जयसवालले बिगत ३ महिनादेखि अन्य केटीसँग बसी लागि निजकै कुराको विश्वासमा परी घरमा अबेला राती आउने गरेकोमा निजलाई सम्झाई बुझाई गर्दा हामी संयुक्त जाहेरवाला र छोरा छोरी समेतलाई मुख छाडी गाली गलौज गर्ने , घर खर्च नदिने , छोरा छोरीको पढाई खर्च नदिने र कुनै न कुनै बहाना बनाई घरमा आई अपमानजनक अमानवीय व्यवहार गरी कुटपिट समेत गरी बिर्ता स्थित घरमा रही बस्ने गरेको बिपक्षी श्रीमान हुन भनी जसो तसो दुःख कष्ट गरी सही बस्दै आएका थियौ । मिति २०८१।०३।२५ गते बिहानको अं. ११;३० बजेको समयमा बिपक्षी श्रीमान पुनः घरमा आई बिना कारण छोरा छोरीको सामुन्ने बोल्नै नमिल्ने , सुन्नै नसकिने अश्लिल अपशब्द समेतको प्रयोग गरी गाली बेईज्जती गरी लछार पछार गरी म जाहेरवालीको खुट्टा, हात, ढाड तथा शरीरको बिभिन्न भागमा कुटपिट कुटपिट गर्दै गरेको अवस्थामा म जाहेरवालीकी छोरी प्रहरीलाई फोन गरी बोलाई निज बिपक्षीलाई प्रहरीले पक्राउ गरी लगेको हुँदा यसरी बिपक्षीले हामी सँयुक्त जाहेरवाला छोरा र छोरी समेतलाई विना कारण निँहु खोजी अश्लिल शब्दको प्रयोग गरी गाली बेईज्जती तथा कुटपिट गरि अभद्र व्यवहार गरेकोले निज बिपक्षीलाई हदै सम्मको कानूनी कारबाही गरी पाउँ भन्ने व्यहोरा समेतको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी कुनाल कुमार जयसवाललाई कैद दिन ५, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी कुनाल कुमार जयसवाललाई ठहरेको कैद दिन ५ को हकमा निज मिति २०८१/०३/२५ देखि २०८१/०३/२९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.६१५/२०८१/०३/३० दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रकम रु.५०००/- र क्षतिपूर्ती रकम रु.२००/- कट्टी गर्नु -------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदनु-------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ श्रावण महिना १७ गते विहीवार रोज ५/ ने.सं. ११४४ दिल्लागा द्वादशी, शुभम् ........